नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

### राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको दिगो विकास सम्बन्धी १०औं एशिया प्रशान्त फोरम (APFSD) मा सहभागीता

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ ९ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही २०७९ चैत्र १३ देखी १६ गते सम्म संयुक्त राष्ट्र संघ सम्मेलन केन्द्र, बैंककमा आयोजित दिगो विकाससम्बन्धी दशौ एसिया प्यासिफिक फोरममा सहभागी हुनुभयो । प्रतिनिधिमण्डलमा जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव, थाइल्यान्डका लागि नेपाली राजदूत तथा UNESCAP का लागि स्थायी प्रतिनिधि, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय तथा राष्ट्रिय योजना आयोगकाका वरिष्ठ अधिकारीहरु रहनुभएको थियो। यस सम्मेलन कोभिड-१९ पुनर्उत्थानलाई तिव्रता दिने र एशिया प्यासिफिकका सवै तहमा दिगो विकास लक्ष्य २०३० को पूर्ण कार्यान्वयन गर्ने विषयमा केन्द्रित रहेको थियो । माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ दिगो विकास सम्बन्धी १०औ एशिया प्रशान्त फोरमको उपाध्यक्षमा निर्वाचित हुनुभएको छ ।

माननीय उपाध्यक्षज्यूले चैत्र १३ गते सम्मेलनमा सम्वोधन गर्दै दिगो विकास लक्ष्यहरू (SDGs) विश्वव्यापी प्रतिबद्धता भएकाले यसलाई नेपालले विकास दृष्टिकोण र प्राथमिकताहरूको केन्द्रमा राखेको बताउनुभयो। उहाले नेपालले दृण राष्ट्रिय प्रतिबद्धताका साथ दिगो विकासको एजेण्डा अगाडि बढाएको र यसलाई राष्ट्रिय योजना तथा कार्यक्रमहरुमा समाहित गरेको उल्लेख गर्दै प्रदेश र स्थानीय तहको योजना र बजेट प्रक्रिया मार्फत दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरिएको पनि बताउनुभयो। माननीय उपाध्यक्षज्यूले कोभिड-१९ लगायतका विश्वव्यापी संकटका कारण उत्पन्न चुनौतीका बाबजुद नेपालले दिगो विकास लक्ष्यका प्रमुख क्षेत्रमा केही प्रगति हासिल गरेको भएतापनि कोभिड-१९ महामारीको बहुआयामिक प्रभाव र वर्तमान विश्वव्यापी सङ्कटले प्रगतिलाई निरन्तरता दिन चुनौतिपूर्ण वनाएको समेत उल्लेख गर्नुभएको थियो ।

माननीय उपाध्यक्षज्यूले महामारी र अन्य चुनौतिहरूको सामना गर्न नेपाल सरकारले अपनाएको राहत र पुनर्उत्थानको नीति र रणनीतिहरूको चर्चा गर्दै आर्थिक वृद्धिलाई टेवा पुर्याउन तथा अर्थतन्त्रलाई भावी जोखिमबाट जोगाउन संरचनागत सुधार गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले दिगो विकास लक्ष्य हासिल गर्न सामूहिक प्रयासको आवश्यकता औंल्याउनुका साथै हालसम्म कोभिड-१९ महामारीको सामना गर्न विश्वव्यापी पहल र सहयोगको प्रशंसा गर्दै दिगो विकास लक्ष्य कार्यान्वयनलाई तीव्रता दिन अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदारहरू र सरोकारवालाहरूबाट नेपालले ठोस प्रयासको अपेक्षा गरेको उल्लेख गर्नुभएको थियो ।

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np

सोही दिन मा. उपाध्यक्षज्यूले मन्त्रीस्तरीय Towards the 2030 Sustainable Development Goals Summit लाई सम्बोधन गर्नुभयो। उक्त शिखर सम्मेलनलाई सम्बोधन गर्दै माननीय डा. उपाध्यक्षले दिगो विकास लक्ष्य गरिबीको अन्त्य, वातावरण संरक्षण र शान्ति र समृद्धि हासिल गर्ने विश्वव्यापी प्रतिबद्धता भएको बताउनुभयो। उहाँले दिगो विकास लक्ष्यको कार्यान्वयनमा निरन्तरको प्रयासका कारण नेपालले सामाजिक-आर्थिक क्षेत्रमा केही प्रगति गरेको बताउनुभयो । साथै, उहाँले कानूनको शासनलाई सुदृढ गर्दै सबै नागरिकको न्यायमा समान पहुँच सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको थियो ।

माननीय उपाध्यक्षज्यूले नेपालको संविधानमा उल्लेखित समानतामा आधारित सिद्धान्त, सामाजिक न्याय र समावेशी व्यवस्था ले 'कसैलाई पछाडि नछोड्न' लक्ष्य हासिल गर्नेतर्फ आधार प्रदान गरेको उल्लेख गर्दै नेपालले राष्ट्रिय योजना तथा कार्यक्रमहरुमा दिगो विकास लक्ष्यलाई एकीकृत गर्दै त्यसको कार्यान्वयन प्रक्रियालाई सहज बनाउन संस्थागत व्यवस्था गरेको समेत उल्लेख गर्नुभएको थियो ।

यस्तै सन् २०२६ सम्ममा नेपालले अल्पविकसित मुलुकको श्रेणीवाट स्तरोन्नती गर्ने सन्दर्भमा सहज, दिगो र अपरिवर्तनीय स्तरोन्नती सुनिश्चित गर्न प्रभावकारी रणनीति तर्जुमा भइरहेको तथा स्तरोन्नतीले दिगो विकास लक्ष्य हासिल गर्न पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो।

माननीय उपाध्यक्षज्यूले दिगो विकास लक्ष्य हासिल गर्नका लागि वातावरण र जनताको संरक्षण, डिजिटल अवसरको सदुपयोग, करको आधारलाई फराकिलो बनाउँदै वित्तीय स्रोत जुटाउनेलगायतका केही प्रमुख मुद्दाहरू सम्बोधन गर्नुपर्ने आवश्यक्ता औंल्याउदै प्रभावकारी र बृहत् सहयोग संयन्त्रले आर्थिक रूपान्तरण र दिगो विकास लक्ष्य हासिल गर्न सार्थक रूपमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो।

माननीय उपाध्यक्षज्यूले चैत्र १४ मा आयोजित एसिया-प्यासिफिक अल्पविकसित मुलकहरु (LDCs) हरूमा दिगो विकास लक्ष्यहरू हासिल गर्न सहजीकरण संरचनात्मक रूपान्तरण विषयक कार्यक्रममा नेपालमा उत्पादकत्वको न्यून स्तर, न्यून आर्थिक वृद्धि दर, बढ्दो मुद्रास्फीति, उच्च व्यापार घाटा जस्ता केही समष्टि आर्थिक र संरचनात्मक अवरोधहरू रहेकोले त्यसलाई सम्वोधन गर्न सरकारले सहज संरचनात्मक रूपान्तरण, प्राथमिक र माध्यमिक क्षेत्रको आधुनिकीकरणमा ध्यान केन्द्रित गरिरहेको जानकारी दिनुभएको थियो ।

माननीय उपाध्यक्ष्य डा. मीनबहादुर श्रेष्ठ र संयुक्त राष्ट्र संघका उपमहासचिव तथा UNESCAP का कार्यकारी सचिव महामहिम आर्मिडा साल्सिया एलिसजाहबाना बीच चैत्र १५ गते भएको भेटवार्तामा

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

दिगो विकास लक्ष्यको कार्यान्वयन, अल्पविकसित मुलकको श्रेणीवाट स्तरोन्नती र नेपाललाई UNESCAP को सहयोग लगायतका विभिन्न विषयमा छलफल भएको थियो ।

बार्षिक रुपमा आयोजना हुने दिगो विकाससम्बन्धी एसिया प्यासिफिक फोरम समावेशी अन्तरसरकारी मञ्च हो। यसले क्षेत्रीय स्तरमा दिगो विकासका लागि २०३० एजेन्डा र दिगो विकास लक्ष्यहरू (SDGs) मा प्रगतिको अनुगमन र समीक्षालाई सहयोग गर्दछ।

माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ चैत्र १७ गते काठमान्डौ फर्किनुभयो ।

मितिः २०८० वैशाख ५ गते, मंगलबार

डा. राम कुमार फुँयाल
सदस्य तथा प्रवक्ता
राष्ट्रिय योजना आयोग

फोनः ०१-४२११०३२, ४२११९३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np